छलफलका लागि मस्यौदा बहस पत्र



# कृषि बीमा

## अभ्यासमा देखिएका चुनौती

### १. परिचय

जलवायु परिवर्तन, विश्वव्यापीकरणसँगै उदाएको व्यापारको उदारीकरण, कृषि सामग्रीमा मूल्यवृद्धि, जनशक्ति अभाव, खर्चिलो ढुवानी व्यवस्था, उचित बजार तथा मूल्यको अभावजस्ता कारणले गर्दा नेपालको कृषि क्षेत्र जोखिम तथा अनिश्चितताले भरिएको छ । वीमाको भाषामा व्यक्ति तथा समाजहरु बीच आर्थिक (व्यावसायिक) कारोबार भइरहँदा हुन सक्ने अनिश्चित दुर्घटना तथा क्षतिहरुलाई जोखिम भनिन्छ । यस्ता अनिश्चित जोखिम हस्तान्तरण गरी क्षतिपूर्ति प्राप्त गर्ने माध्यम नै वीमा हो ।

कृषि क्षेत्रमा जोखिम न्यूनीकरण मुख्यतयाः दुई प्रकारले गरेको पाइन्छ । पहिलो, किसान आफैंले आफ्नो ज्ञान, सीप प्रयोग गरी (जस्तै, बाली चक्र र पात्रोमा परिर्वतन गरी, क्षति न्यून गर्ने पूर्वाधारको प्रयोग गरी आदि) भविष्यमा पर्न सक्ने जोखिमको आँकलन गरी जोखिम न्यून गरेको पाइन्छ । दोस्रो, वीमा सम्झौता गरी भविष्यमा हुन सक्ने विभिन्न किसिमका जोखिमलाई आंशिक वा पूर्ण रूपमा वीमा कम्पनी (वीमक) मा हस्तान्तरण गरेर पनि जोखिम न्यून गरेको पाइन्छ[1]।

प्रकियाको कुरा गर्दा कम्पनी र वीमा गर्ने व्यक्ति अथवा समूह बीचमा करार गरेर वीमा गर्ने गरिन्छ । वीमा सेवा उपलव्धगराउने कम्पनीलाई वीमक र वीमा गराउने व्यक्ति, परिवार, कृषक समूह, कृषक समिति वा कृषक सहकारीलाई वीमित भनिन्छ । यी बीच गरिएको लिखित करारमा वीमित पक्षले भविष्यमा उल्लेखित जोखिम भएमा क्षतिपूर्ति पाउने उद्देश्यले निश्चित रकम तोकिएको समयमा तिर्ने कबोल गरेको हुन्छ । यस्तो वीमा शुल्क अंश/अंशमा वा एक मुष्ठ रूपमा बुझाउने प्रावधान रहेको हुन्छ । त्यसैगरी वीमक पक्षले हानिनोक्सानी भएमा पूर्वनिर्धारित शर्त (वीमालेख) अनुसार क्षतिपूर्ति व्यहोर्ने कबोल गरेको हुन्छ ।

नेपालमा वीमाको इतिहासलाई नियाल्ने हो भने त्यति लामो नभएको देखिन्छ । सर्वप्रथम वि.सं. २००४ मा नेपाल बैंक लिमिटेडको अगुवाइमा नेपाल माल चलानी तथा वीमा कम्पनीको स्थापना भएको पाइन्छ । यो संस्था नेपाल कम्पनी ऐनअन्तर्गत नेपाल बैंक लिमिटेडको पूर्ण स्वामित्वमा स्थापना भएको थियो । वि.सं. २०१६ मा यो कम्पनी नेपाल इन्स्योरेन्स एण्ड ट्रान्सपोर्ट कम्पनी लि. मा परिवर्तन भयो । यस समयमा केही भारतीय वीमा कम्पनीले नेपालमा निर्जीवन वीमा सुरु गरेको पाइन्छ ।

राष्ट्रिय वीमा संस्थान ऐन, २०२५ आएपछि राष्ट्रिय वीमा संस्थान प्रा.लि. (जुन वि.सं.२०२४ मा स्थापना भएको थियो) पछि राष्ट्रिय वीमा संस्थानमा परिवर्तन गरियो । यो राष्ट्रिय वीमा संस्थानले स्थापनाको प्रारम्भिक वर्षमा निर्जीवन

#### अभ्यासमा देखिएका समस्या

- वीमाको प्रस्ताव बुझ्न र तयार पार्न कठिन
- जानकारी पाउने भरपर्दो माध्यमको अभाव
- साना किसानका लागि अनुपयुक्त वीमाका शर्तहरु
- समयमा प्राविधिकको उपलब्धता न्यून
- वीमाका कागजात तयारीमा अप्ठेरा तथा प्रशासनिक ढिलासुस्ती
- दुर्गम क्षेत्रमा कृषि वीमा कम्पनीको उपस्थिति
- वीमा कम्पनी र किसानका प्राथमिकतामा भिन्नता

वीमामात्र गरेको भए तापनि २०२९ देखि जीवन वीमाको कामको पनि सुरुवात भयो ।

नेपालमा २०४६/४७ को प्रजातन्त्र पुनर्बहालीपश्चात्सरकारले अपनाएको आर्थिक उदारीकरणको फलस्वरूप वीमा क्षेत्र पनि निजीस्तरका लागि खुल्ला हुन पुग्यो । फलस्वरूप विभिन्न निर्जीवन तथा जीवन वीमा कम्पनीले वीमा व्यवसाय गर्ने इजाजत पाए । यसै समयदेखि नेपाल सरकारले कृषि क्षेत्रको पशुपालनमा पनि पशुधन वीमाका व्यवस्था गरेर जोखिम न्यून गर्ने पद्धतिको सुरुवात गर्‍यो । पशुधन वीमाको कार्यान्वयन प्रक्रिया सरकारमातहतको DICGC (Deposit Insurance and Credit Guarantee Corporation तथा विभिन्न लघुवित्तीय संस्था, सरकारी, गैर सरकारी संस्थाबाट सुरु भएको थियो ।

तर बाली वीमाको सुरुवात भने हालसालैमात्र भएको हो । नेपाल सरकारले वि. सं. २०६९ मा बाली, पशु र पक्षीसम्बन्धी निर्देशनमार्फत व्यावसायिक कृषि वीमाको विकास गर्नका लागि वीमा कम्पनीलाई प्रोत्साहन गर्‍यो । यस निर्देशनले सबै निर्जीव वीमा कम्पनीलाई कृषि वीमाका सुविधा प्रदान गर्न बाध्यकारी बनायो । वि.सं. २०६९ मा वीमा कम्पनीले बाली, पशु र पक्षीसम्बन्धी निर्देशनमार्फत बाली, पशु, पक्षी र माछामा वीमा गर्ने प्रावधान ल्यायो । यस निर्देशन लागू भएपछि १४ वटा (१२ पशु र २ बाली) निर्जीव वीमा कम्पनी कृषि वीमातर्फ प्रवेश गरे । वीमा ऐन २०४९ को दफा ८(घ२) ले दिएको अधिकार प्रयोग गरी वीमासमितिले कृषि विकास मन्त्रालयको सहयोग र समन्वयमा बाली तथा पशुपक्षी वीमा निर्देशन, २०६९ जारी गरी वि.सं. २०६९ माघ १ गते देखि लागू गरेको हो । हालसम्मको तथ्याङ्क हेर्ने हो भने बाली वीमाको तुलनामा पशुधन वीमा गर्नेको संख्या बढी रहेको पाइन्छ [2]। हालसम्म २६ वटा निजी वीमा कम्पनी रहेकोमा १७ वटा निजी वीमा कम्पनीले बाली र पशुधन दुवैको वीमा सुविधा दिँदै आएको छ[3, 4] ।

यद्यपि वीमासम्बन्धी प्रावधानको सुरुवात दुई दशकभन्दा लामो समयदेखि भइसक्दा पनि अधिकांश किसान यसबाट लाभान्वित हुन नसकेको, जागरुकता आइनसकेको, यसप्रतिको रुचि पनि न्यून रहेको र वीमाले लिएको उद्देश्य पूर्ण रूपमा प्राप्त गर्न नसकेको अवस्थामा कृषि वीमाको अभ्यास तथा कार्यान्वयनका चुनौतीबारे खोजी तथा बहस सान्दर्भिक छ । तसर्थ यस बहसपत्रमा कृषि वीमा कार्यान्वयनमा देखिएका चुनौतीको पहिचान गरी विभिन्न तहबाट आएका सुझावलाई प्रस्तुत गरिएको छ ।

## कृषि बीमाको इतिहास

| | |
|---|---|
| वि.सं. २०७३ बर्तमान अवस्था | २६ निजी बीमा कम्पनी जस मध्ये १७ ले बाली र पशुधन बीमाको सुविधा दिइरहेको |
| वि.सं. २०६९ पश्चात | बाली, पशु, पंक्षी र माछामा बीमा गर्ने प्रावधान |
| वि.सं. २०६९ | व्यवसायिक कृषि बीमाको विकास |
| वि.सं. २०४८ पश्चात | बीमा क्षेत्रको निजीकरण |
| वि.सं. २०४६-४७ | प्रजातन्त्र पुनर्बहाली |
| वि.सं. २०२९ | राष्ट्रिय बीमा संस्थानले जीवन बीमाको कामको सुरुवात |
| वि.सं. २०२५-२६ | राष्ट्रिय बीमा संस्थान प्रा.लि. राष्ट्रिय बीमा संस्थानमा परिणत |
| वि.सं. २०२५ | राष्ट्रिय बीमा संस्थान ऐन निर्माण |
| वि.सं. २०२४ | राष्ट्रिय बीमा संस्थान प्रा.लि.को स्थापना |
| वि.सं. २०१६ | माल चलानी तथा बीमा कम्पनी नेपाल इन्स्योरेन्स एण्ड ट्रान्सपोर्ट कम्पनी लि. मा परिणत |
| वि.सं. २००४ | नेपाल माल चलानी तथा बीमा कम्पनीको स्थापना |

## २. कृषि वीमाले रक्षावरण गर्ने जोखिमहरु

नेपालमा कृषि वीमा मुख्यतया खाद्यान्न, तरकारी, फलफूल, नगदेबाली, औद्योगिकबाली, मत्स्यपालन, मौरीपालन, रेशम खेती, च्याउखेतीलगायतका बालीब र घरपालुवा पशुपक्षीको जोखिम सुरक्षणको लागि गरिँदै आइएको छ। कृषि वीमाले निम्न जोखिमले पार्ने हानिनोक्सानीको रक्षावरण गर्दछ-

- चट्याङ
- आगलागी
- भूकम्प
- बाढी
- डुबान
- खडेरी
- पहिरो
- भूस्खलन
- आँधिबेरी
- असिना
- हिउँ वा तुसारो
- आकस्मिक दुर्घटनाजन्य बाह्य कारणहरु
- किरा तथा रोगबाट हुन हानिनोक्सानी
- बिषादीबाट हुने नोक्सानी (माछा)
- अन्य बाली विशेषअनुसारको जोखिम

## ३. वीमाका नितिगत प्रावधानहरु

वीमा ऐन २०४९ को दफा ८(घ२) ले दिएको अधिकार प्रयोग गरी वीमा समितिले कृषि विकास मन्त्रालयको सहयोग र समन्वयमा बाली तथा पशुपक्षी वीमा निर्देशन, २०६९ जारी गरी वि.सं. २०६९ माघ १ गतेदेखि लागू भएको हो ।

वीमासम्बन्धी नीतिगत व्यवस्था यसप्रकार रहेका छन्-

### १. राष्ट्रिय कृषिनीति, २०६१

पशु वीमाको विस्तार गरिनुका साथै पक्ष एवं छानिएका बालीको बीउ र बढी मोल जाने कृषिवस्तुको क्रमिक रूपमा वीमा गरिनेछ ।

### २. कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३

व्यावसायिक बाली/वस्तु उत्पादन क्षेत्र, प्रांगारिक/विषादीरहित उत्पादन क्षेत्र र निर्यातमूलक बाली/वस्तु उत्पादन क्षेत्रमा उत्पादन सामग्री, प्रविधि एवं प्राविधिक सेवा, कृषि सडक, ग्रामीण विद्युतीकरण, सिंचाइ, कृषि व्यवसाय ऋण, वीमा, बजार व्यवस्था, सूचना प्रणाली, उपयुक्त कृषि यान्त्रिकीकरण एवं प्रशोधनलगायतका सुविधा सम्बन्धित सरकारी, गैर सरकारी, सहकारी तथा निजी क्षेत्रको सहकार्यमा एकीकृत रूपमा सुनिश्चित गरिनेछ ।

### ३. शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्ययोजना, २०६९

माछा, पशुपक्षी र कृषि उपजको व्यावसायिक उत्पादनमा जोखिम वीमा गरिदिने र सो वीमाको प्रिमियमको ५० प्रतिशत रकम सरकारले अनुदान दिने ।

### ४. अर्थ मन्त्रालयको बजेट वक्तव्य (आर्थिक वर्ष २०६९/७० र २०७०/७१)

कृषिको व्यवसायीकरणको लागि जोखिम न्यून गरी कृषकले माछा, पशु पक्षी र कृषिउपजमा गरेको लगानीलाई सुरक्षित गर्न २०६९ माघ १ गतेदेखि लागू भएको माछा, पशुपक्षी र बाली वीमा कार्यक्रममा सहभागी कृषकले तिरेको वीमा प्रिमियम बापतको ५० प्रतिशत रकम अनुदान दिने ।

### ५. अर्थ मन्त्रालयको बजेट वक्तव्य (आर्थिक वर्ष २०७१/७२, २०७२/७३ र २०७३/७४)

कृषिको व्यवसायीकरणको लागि जोखिमको न्यून गरी कृषकले को लगानीलाई सुरक्षित गर्न कृषकले तिर्ने वीमा प्रिमियममा ७५ प्रतिशत रकम अनुदान दिने ।

### ६. कृषि विकास रणनीति २०७२

व्यावसायिक कृषि विकासका लागि वाली तथा पशुधन वीमाको महत्व रहेको जनाउँदै यसको सफल कार्यान्वयन आवश्यक रहेको ।

## ४. कार्यान्वयन देखिएका चुनौतीहरु

### क. वीमाको प्रस्ताव बुझ्न र तयार पार्न कठिन

बाली तथा पशुपक्षी वीमा निर्देशन २०६९ मा भएका ऐन, नियमावली, वीमा समिति, वीमक, वीमित, वीमाङ्क रकम, संकेत पट्टा, वीमा क्षति प्रमाणपत्र, वीमा अवधि, पशुपक्षी धन मृत्यु प्रमाणपत्र आदि प्राविधिक शब्दको प्रयोग साधारण किसानको सुझबुझले अर्थ्याउन सक्ने खालका छैनन् ।

बाली तथा पशुपक्षीमा वीमा गर्न इच्छुक किसानले वीमा समितिद्वारा तयार गरिएको वीमा प्रस्ताव फारम भरी वीमा कम्पनीमा पेश गर्नुपर्ने हुन्छ तर यि प्रस्तावका फारम साधारण किसानले बुझेर आफै भर्न सक्ने प्रकृतिका छैनन् । किसानसँगको अन्तर्क्रियाको क्रममा अधिकांश साना किसानले उल्लेखित फारम भर्न कठिनाइको सामना गर्नुपरेको बताए । उदाहरणका लागि, प्रत्येक कृषि वा पशु फरमको बाली तथा वस्तुभाउसम्बन्धी खर्च विवरण निकाल्न परेमा प्राविधिकको सहयोगविना गर्न नसकिने किसानहरुको अनुभव रहेकोछ ।

### ख.जानकारी पाउने भरपर्दो माध्यमको अभाव

वीमाबारे आवस्यकजानकारी किसानमाझ पुग्ने भरपर्दो माध्यम नहुँदा अझै पनि अधिकांश किसान वीमा, यसका प्रावधान तथा प्रक्रियाबारे अनभिज्ञ छन् । गाउँ/गाउँबाट कृषि कार्यालय तथा सेवा केन्द्रका सूचनापाटीमा गएर वीमासम्बन्धी जानकारी किसानले लिन सकेका छैनन् । वीमा के हो, यसको आवश्यकता किन पर्‍यो, बाली तथा पशुपक्षी वीमाअन्तर्गत कुन/कुन बाली तथा पशुपक्षी पर्दछन्, यस वीमा कार्यक्रममा कतिवटा वीमा कम्पनी संलग्न छन्, कोमार्फत गराउनुपर्छ, कति प्रिमियम (वीमा शुल्क) लाग्छ, प्रिमियम (वीमा शुल्क)मा कति प्रतिशत नेपाल सरकारले अनुदान दिन्छ, वीमाका लागि तराई तथा पहाडमा कति क्षेत्रफलमा खेती गरिएको हुनुपर्ने, क्षति भएमा सूचना दिने, दाबी प्रक्रिया, भुक्तानी(आंशिक/पूर्ण)को व्यवस्था के कस्तो छ भन्नेजस्ता वीमासम्बन्धी आधारभूत जानकारी किसानलाई छैन र यस्ता जानकारी किसानमाझ पुर्‍याउने भरपर्दो माध्यम नहुँदा वीमाबाट अधिकांश किसान लाभान्वित हुन सकेका छैनन् ।

### ग.साना किसानकालागि अनुपयुक्तवीमाका शर्तहरु

वीमा गर्नका लागि तोकिएका केही शर्त साना किसानमैत्री छैनन् । उदाहरणको लागि, बाली वीमाको लागि तोकिएको क्षेत्रफलको जमिनको लालपुर्जालगायतका कागजात पेश गर्नुपर्छ । तर अधिकांश ग्रामीण भेगमा माथिल्लो पुस्ताबाट हस्तान्तरण गर्ने प्रचलन कम छ र नामसारीविना नै भोगचलन गर्ने प्रचलन छ । यस्तो अवस्थामा यो शर्तको सान्दर्भिकता त्यति नभएको र गुठीका जग्गामा खेती गर्दै आएका किसान पनि यस्ता शर्तले गर्दा वीमाबाट वञ्चित हुनुपरेको अवस्था छ ।

साथसाथै, बाली तथा वस्तुमा कुनै रोग वा कीरा लागेमा तत्कालआफ्नै खर्चमा उपचार गराउनै पर्ने शर्त राखिएको छ । निम्न आय स्रोतका साना किसानको हकमा तत्कालै पैसाको जोहो गरेर रोगकिराको उपचार गर्नुपर्ने शर्त पालना गर्न त्यति सहज नहुने देखिन्छ ।

वीमा दर्ता गर्दामात्र नभई, वीमा रकम दाबी भुक्तानी गर्दासमेत केही असान्दर्भिक शर्त राखिएका छन् । जस्तै उदाहरणका लागि, वीमित पशुधन हराएमा वा चोरी भएमा, वीमित पशुधनको शरीरमा लगाइएको संकेतपट्टा मृत पशुधनमा नभेटिएमा, पाँच किलोमिटर भन्दा बढीको दूरीमा दुर्घटना भएमा पशुधनको क्षेतीको रकम दाबी गर्न नपाइने शर्त रहेको छ । भवितव्यले आइपर्ने दुर्घटना वीमा शर्तले खोजेअनुसार तोकिएको सीमाभित्र र तोकिएकैअवस्थामा नहुन पनि सक्छ । तसर्थ यस्ता शर्त किसानमैत्री देखिदैनन् ।

### घ.समयमा प्राविधिकको उपलब्धता न्यून

वीमा गराउने प्रक्रियाका विभिन्न चरणमा किसानलाई प्राविधिकको सहयोग आवश्यक पर्दछ । जस्तै, बाली वा पशुधन वीमा गर्दा कृषि प्राविधिकको प्रमाणपत्रको आवश्यकता पर्दछ । साथै, वीमा गरिसकेपछि पनि समय/समयमा प्राविधिकद्वारा निरिक्षण, बाली तथा पशुको स्वास्थ्य जाँच र प्रमाणीकरण गर्नुपर्ने हुन्छ । तर अहिलेका सेवाकेन्द्रको संरचनालाई हेर्दा पर्याप्त प्राविधिक जनशक्ति नभएको र भएका प्राविधिक जनशक्तिले आफ्नो क्षमताभन्दा धेरै कार्यक्षेत्र हेर्नुपर्ने हुँदा पर्याप्त रूपमा किसानहरुको प्राविधिकसम्म पहुँच हुँदैन । उदाहरणका लागि, एउटा गाउँ विकास समिति (गाविस) स्तरको कृषि प्राविधिकले तीनदेखि ११ वटासम्म गाविस हेर्नुपर्ने बाध्यता रहेको छ । यसका कारण किसानले खोजेको बेला आफ्नो घरदैलोमा प्राविधिक पाउने अवस्था छैन ।

### ङ.वीमाका कागजात तयारीमाअप्ठेरा तथा प्रशासनिक ढिलासुस्ती

किसानहरुसँगको छलफलको क्रममा वीमा रकम दाबी गर्न आवश्यक पर्ने कागजात तयार पार्न निकै कठिनाइ रहेको बताउँछन् । उदाहरणका लागि, सक्कल वीमालेख, पूर्ण रूपले भरिएको दाबी फारम, सम्बन्धित प्राविधिकको प्रतिवेदन (पशु र पक्षीको हकमा मृत्यु प्रमाणपत्र), नगरपालिका/गा.वि.स./वडाको सर्जमिन मुचुल्का वा माछा, पशुधन र पक्षीको हकमा कम्तिमा सबैभन्दा नजिकको दुईजना छिमेकीको सर्जमिन मुचुल्काजस्ता आवश्यक कागजातले वीमा प्रक्रियामा थप जटिलता थपेका किसानले बताएका छन् । सामान्य किसानले यस्ता कागजात जुटाउन नसक्ने हुँदा वीमा रकम पाउन सहज देखिँदैन । साथसाथै, तोकिएको समयावधिभित्र कागजात जुटाउनसमेत किसानहरु असमर्थ रहेको बताउँछन् ।

वीमाको प्रावधानअनुसार माछा र पक्षीको वीमा दावी गर्नुपरेमा सात दिन र धान, तरकारी, फलफूल, आलु र पशुधनको हकमा **१५** दिनको अवधि तोकिएको छ । तोकिएको समयावधिभित्र यस्ता कागजात जुटाउन नसकेमा किसानलाई अतिरिक्त समयको व्यवस्था पनि गरिएको छैन ।

साथै, आवश्यक कागजात र तोकिएका शर्त पुर्‍याउन थपिएका जटिलता एकातिर रहेका छन् भने अर्कोतिर आवश्यक प्रक्रिया पुर्‍याउँदासमेत वीमाको रकम भुक्तानी गर्न  हुने ढिलासुस्तीको कारणले किसानमा वीमाप्रति रुचि घट्दै गएको छ ।

### च. दुर्गम क्षेत्रमा कृषि वीमा कम्पनीको उपस्थिति

किसान र कृषि वीमा कम्पनीका प्रतिनिधिहरुसँग छलफल गर्दा दुर्गम क्षेत्रको कृषि वीमा गर्न र अन्य सेवा प्रदान गर्न त्यति उत्साहित नभएको देखिन्छ । अत्यधिक रूपमा वीमाको आवश्यकता रहेको दुर्गम

## पशु वीमितको पीडा

अर्घाखाँची जिल्ला हंसपुर गा.वि.स.-७ वामरुकको २७ जनाको फूलबारी बाखापालन कृषक समूहले १७० वटा बाखापालन गर्दै आएको छ । किसानका लागि उन्नत बिउबीजन कार्यक्रमको आर्थिक सहयोगमा गरिएको बाखापालन कार्यक्रममा एक किसानसँग पाँचवटा भन्दा बढी बाखाका माउ रहेका छन् । बाखाको वीमा नगरी संस्थाले सहयोग नगर्ने भएपछि किसानहरुले सबै बाखाको वीमा गराउन खोजे । तर १७० वटा बाखामध्ये जम्मा ४० वटा बाखाको मात्र वीमा भयो । एक अगुवा कृषक गोविन्दराज रेग्मीका अनुसार किसानहरु सबै बाखाको वीमा गर्न इच्छुक थिए तर वीमा कम्पनिले हृष्टपुष्ट र खाइलाग्दो छानी छानी जम्मा ४० ओटा बाखाको मात्र वीमा गर्‍यो र ट्याग लगायो । वीमा निर्देशिकाअनुसार वीमा गरेको समय सीमाभन्दा अगावै बाखा मरेमा रु. नौ हजार रकम पाउने शर्तनामा गरिएको थियो । वीमा गरिएका ४० वटामध्ये अचानक दुईवटा बाखा मरेपछि हंसपुर पशुसेवा केन्द्रका प्रमुखसहित गाउँलेहरुलाई राखेर सर्जमिन गरेर मरेका बाखाको फोटो सहित आवश्यक कागजात सेवा केन्द्रमार्फत वीमा गरेका इन्सुरेन्स कम्पनीमा पठाएको चार महिना हुँदासम्म वीमाको शर्तअनुसारको भुक्तानी पाउन नसकेको र पटक/पटक पहल गर्दा पनि कम्पनीले बेवास्ता गरेको पिडित किसानले जनाए । यसरी, वीमा गर्दा पनि कम्पनिले आफ्नो इच्छा अनुसार मात्र गर्ने र नोक्सानी भएर दावी भुत्तानी माग्दा पनि समयमा पाउन सकेनन् । यस्तो थाहा पाएका गाउँका अरु किसानमा वीमा गर्ने जोशजाँगर हराउँदै गएको अगुवा किसान बताउँछन् ।

क्षेत्रमा वीमा कम्पनी पुग्न नचाहेको तर बाटोघाटोको पहुँच भएको सहरी क्षेत्रका व्यावसायिक कृषकलाई मात्र सेवा प्रदान गरिरहेको पाइन्छ । छलफलका क्रममा, एक वीमा कम्पनीका मध्यस्थकर्ताले भौगोलिक विकटताको कारणले दुर्गम क्षेत्रमा पुग्न नसकिने कुरा बताएका थिए । उनले जनाएअनुसार वीमा कम्पनीले पाउने कमिसन भनेको मात्र १५ प्रतिशत, त्यसमा पनि भ्याट कटाउँदा १२.७५ प्रतिशत हुन आउने भएकाले यति सीमित रकमले दुर्गम क्षेत्रमा पुग्न सम्भव नरहेको बताए ।

### छ. वीमा कम्पनी र किसानकाप्राथमिकतामा भिन्नता

वीमा कम्पनीको सहजकर्ताका अनुसार प्रायजसो किसान बढी जोखिम भएको बालीको मात्र वीमा गर्न आउने तर कम जोखिम भएका बालीको चाहिँ वीमा गर्न नचाहने गरेको बताउँछन् । सहजकर्ताका अनुसार धेरै जोखिम भएका बालीमात्र वीमा गर्दा कम्पनीलाई धेरै आर्थिक नोक्सानी बेहोर्नुपर्ने हुँदा किसानले सबै (कम, मध्यम र अत्यधिक) तहको जोखिम भएका बालीमा पनि वीमा गर्नुपर्ने बताउँछन् । किसानहरु छानी/छानी धेरै जोखिम भएको बालीमा मात्र वीमा गर्न खोज्ने र कम्पनीहरु धेरै जोखिम भएको बालीको मात्र वीमा गर्न नचाहने प्रवृत्तिले गर्दा वीमाको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन । उदाहरणको लागि धेरैजसो किसान परम्परागत बाली जस्तै धान, मकै, गहुँमा भन्दा बेमौषमी तरकारीहरु, जसमा रोगकिराको प्रकोप धेरै हुन्छ, जस्तै टमाटर, त्यसको मात्रै वीमा गर्न चाहेको पाइन्छ । तर वीमा कम्पनीहरु किसानले आफ्नो सबै बालीहरुको वीमा गरेमा मात्र सहकार्य गर्ने नत्र बढी जोखिम भएको एक वा दुई बालीको मात्रै वीमाचाहिँ नगर्दिने गरेको पाइएको छ ।

## ५. सुझाव तथा निष्कर्ष

कृषि तथा पशुधनमा गरिने वीमाको उद्देश्य किसानहरुको हकहितलाई ध्यानमा राखी जोखिम न्यून गर्ने रहेतापनि यसको कार्यान्वयनका लागि धेरै जटिलता देखिएका छन् । वीमा प्रस्तावना फारम बुझ्न र तयार पार्न कठिनाइ, विद्यमान प्रावधानको कम जानकारी, अव्यावहारिक वीमा शर्तहरु, प्राविधिक जनशक्तिको कमी, वीमा कम्पनी तथा किसानबीच नै असमझदारी, प्रशासनिक ढिलासुस्ती आदिले गर्दा कृषि वीमा पूर्णरूपमा कार्यान्वयनमा आउन सकिरहेको छैन ।

अहिलेको परिप्रेक्ष्यलाई हेर्दा अधिकांश वीमा कम्पनी अझ पनि कृषि वीमामा प्रवेश गर्न नचाहेको अवस्था छ- जसले गर्दा कृषि वीमाको स्थायित्व र यसले दिने सेवाहरुको भविष्यमा अन्यौल थपिएको छ । साथै, भएका वीमा कम्पनीले पनि बहुसंख्यक साना किसानको बाहुल्य रहेको हाम्रो देशमा केही ठूला तथा व्यावसायिक किसानलाई मात्र लक्ष्य गरेको पाइन्छ । यतिमात्र नभई, सरकारमातहत रहेको राष्ट्रिय वीमा संस्थानले कुनै पनि प्रकारको कृषि वीमा उपलब्ध नगराउने हुँदा कृषि वीमा पूर्ण रूपमा निजी कम्पनीलाई जिम्मा लगाइएको अवस्थामा यस्ता कम्पनी स्वाभाविक रूपमा हरेक वर्गका किसानको हितलाई भन्दा पनि बढी मुनाफा कमाउने उद्देश्यका साथ काम गर्ने गर्दछन् ।

यी अन्यौलबीच केही खड्किएका पक्षमा पहल गर्न सकिएमा यसको लक्षित उद्देश्य प्राप्त गरी उत्पादनका क्रममा आउने जोखिम न्यून गरी किसानले राहत पाउन सक्छन् । वीमाका लागि आवश्यक पर्ने प्रक्रियाहरुलाई सरल बनाई किसानलाई निवेदन भर्न र दर्ता गर्न चाहिने प्राविधिक सरसहयोगका लागि प्राविधिकको उपलब्धता गाउँ/गाउँमा बढाउनुपर्दछ । त्यसैगरी, व्यावहारिक कार्यविधि लागू गर्ने, अनुदान उपलब्ध गराएपछि अनुगमन गरी प्रोत्साहन र सजायको व्यवस्था गर्ने, महिलामैत्री कार्यक्रममा जोड दिने, लक्षित समुदायमा कृषिसम्बन्धी तालिमको व्यवस्था गर्ने, लक्षित समुदायका विपन्नलाई विशेष प्राथमिकतामा पार्नेजस्ता विषयमा पहल गरी सुधार गर्नुपर्दछ ।

साथसाथै, देशको भूगोल तथा हावापानीअनुसार रहेका विविधताको प्रभाव कृषि उत्पादनमा प्रत्यक्ष रूपमा पर्ने यथार्थलाई ध्यानमा नराखी बाली, पशु र पक्षीसम्बन्धी निर्देशन ल्याइएको छ । देशभरि नै बाली तथा वस्तुको प्रिमियम एवं क्षतिपूर्तिको रकममा एकरूपता कायम राखिएकोले क्षतिका कारणले उत्पादनमा आउने विविधतालाई सम्बोधन गर्न सकेको छैन । तसर्थ, यस्ता विविधतालाई आत्मसात् गर्दै प्रिमियम एवं क्षतिपूर्तिको रकममा आवश्यक परिमार्जन गर्दै वीमाका प्रावधानलाई किसानमुखी बनाइनुपर्दछ ।

हाम्रो जस्तो विकासोन्मुख राष्ट्रमा वीमाका मुद्दा भनेको व्यापारिक प्रयोजनका लागि नभएर सामाजिक मुद्दा बनाइनुपर्छ । तसर्थ वीमा कम्पनीलाई सामाजिक रूपले उत्तरदायी बनाउन सरकारले जिम्मेवारी लिएर जीविकोपार्जनका लागि कृषिमा प्रत्यक्ष रूपमा आश्रित ६० प्रतिशतभन्दा बढी नेपालीलाई सरल तरिकाले वीमा उपलब्ध गराउनतर्फ पहल गर्नुपर्ने देखिन्छ । यसो गरेमा मात्र हरेक वर्गका किसानको वीमाप्रति रुचि बढ्ने र वीमाको लक्षित उद्देश्य प्राप्त गर्न सकिन्छ ।

## ६. टिप्पणी पत्रबारे

वीमाका प्रावधान, कार्यान्वयनका चुनौती र सुधार्नका लागि सुझावको खोजी तथा विश्लेषण गर्ने उद्देश्यका साथ गरिएको १.सन्दर्भस्रोतको अध्ययन, २.उदयपुर, मकवानपुर, नवलपरासी, अर्घाखाँची, कपिलवस्तु, डँडेलधुरा, बैतडी र दार्चुला जिल्लामा गरिएका अन्तर्क्रिया साथै ३.क्षेत्रीय स्तरमा गरिएका छलफल (सुदूरपश्चिम, पश्चिम र पूर्वक्षेत्र) मा अगुवा किसान, जिल्ला कृषक समूह महासंघका सदस्य, सहकारी संस्थाका प्रतिनिधि, जिल्ला कृषि विकास कार्यालय र पशु सेवा कार्यालयका प्रतिनिधिसहितको सहभागिताका आधारमा यो टिप्पणी तयार पारिएको हो ।

## धन्यवाद

अध्ययन कार्यमा संलग्न भई यो बहसपत्र तयार गर्नुहुने करिश्मा गुरुङ्ग, कमल भण्डारी, युवराज सुवेदी र कृष्ण पौडेल साथै यो कार्यमा सघाउने अक्सफाम नेपाल, साझेदार संस्थाहरु, किसान दिदिबहिनी, दाजुभाई र अन्य सरोकारवालाहरुलाई धन्यवाद ।

## सन्दर्भ स्रोत

1 Iturrioz, R. 2009. Agriculture insurance.Primer series on Insurance. The International Bank for Reconstruction and Development/The World Bank 1818 H Street, NW

2 नेपाल सरकार. २०७०, बाली तथा पशुपन्छी बीमा ऐन नियम संगालो, कृषि विकास मन्त्रालय, कृषि सूचना तथा सञ्चार केन्द्र, हरिहरभवन, ललितपुर

3 Report No. 46521-NP.2009. Agricultural Insurance Feasibility Study for Nepal. THE WORLD BANK

4 AHMED, M. 2016. Agricultural insurance and micro insurance in Nepal [Online].Linkedin. Available: https://www.linkedin.com/pulse/agricultural-insurance-microinsurance-nepal-mosleh-ahmed [Accessed 2017 March 05]